American Center, Embassy of the United States
Yak & Yeti Complex (West Wing), Kathmandu. Tel: 444-5577

अमेरिकी राजदूत जेम्फ. एफ. मोरियार्टीले
पत्रकार भेटघाटका अवसरमा दिनुभएको बक्तव्य

२०६३ पौष ५ गते शुक्रवार अमेरिकन सेन्टर

नेपाल र नेपालीका लागि यो हप्ता ऐतिहासिक महत्वको रहेको छ । अन्तरिम संविधान लागु भएको छ, जसलाई संयुक्त राज्य अमेरिका स्वागत गर्दछ । मंसीरमा सम्पन्न ऐतिहासिक शान्ति सम्झौताको नतिजास्वरुप अन्तरिम संसदको गठन पनि भएको छ । साथै राष्ट्रसंघीय सुरक्षा परिषद्ले चाँडै नै नेपालसम्बन्धी प्रस्ताव पारित गर्ने आशा गरिएको छ । उक्त प्रस्तावले संयुक्त राष्ट्रसंघलाई नेपालमा हतियार र चुनावको अनुगमन गरेर स्वतन्त्र र निष्पक्ष चुनाव सम्पन्न गराउन सहयोग गर्नका लागि प्रतिबद्ध गराउनेछ ।

संयुक्त राज्य अमेरिका नेपालको शान्ति प्रक्रियामा राष्ट्रसंघको सुदृढ र प्रभावकारी भूमिकाको पक्षमा रहेको छ । राष्ट्रसंघीय मानवीय तथा आर्थिक सहयोगको प्रतिबद्धताले संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् तथा साधारण सभाद्वारा यहाँको शान्ति प्रक्रियाको शुक्ष्मरुपमा निरीक्षण हुने सुनिश्चित भएको छ । संसारकै उच्च निकायबाट प्राप्त हुने यस सहयोगबाट नेपाल लाभान्वित हुनेमात्र होइन, यसले यहाँका माओवादीलगायतका सबै राजनैतिक दल तथा नेतालाई राष्ट्रसंघका १९२ सदस्य राष्ट्रहरुसमक्ष आफ्ना कार्यहरुको जिम्मेवारी लिन पनि प्रेरित गर्नेछ ।

माओवादीले स्थानीय स्तरका आफ्ना 'समानान्तर सरकार' का संरचनाहरु विघटित गर्ने र संयुक्त स्थानीय सरकारमा सहभागी हुने भनी गरेको घोषणालाई संयुक्त राज्य अमेरिका स्वागत गर्दछ । विगतमा यस्ता प्रतिबद्धताहरु खोक्रो हुने गरेकाले आफ्नो विश्वसनीयता प्रमाणित गराउन पनि यो घोषणाको सम्पूर्णरुपमा तुरुन्तै कार्यान्वयन गरिनु जरुरी छ ।

माओवादीका सम्पूर्ण लडाकु तथा हतियारहरु पूर्णरुपमा शिविरबन्द गर्ने र नेपाली सेनालाई पनि सीमित गर्ने कुरामा दलहरु र माओवादी सहमत भएका छन् र साथसाथै उनीहरुले आगामी वर्ष हुने संविधान सभाको चुनाव स्वतन्त्र र निष्पक्ष ढंगले सम्पन्न गराउने प्रतिबद्धता पनि व्यक्त गरेका छन् । संयुक्त राज्य अमेरिका नेपालमा माओवादी अन्तरिम सरकारमा जानुअगाडि नै प्रभावकारी र पारदर्शी तरिकाले हतियार व्यवस्थापनको काम सम्पन्न होस् भन्ने चाहन्छ । कुनै पनि संयुक्त सरकारको एउटा घटकले आफ्नो छुट्टै निजी सेना राख्छु भन्ने आशा गर्नुहुँदैन । यसबाट अस्थिरता, अविश्वास तथा असुरक्षाको वातावरणको सिर्जना हुन्छ ।

प्रजातन्त्र जनताको सहमतिबाट आउँछ, बन्दुकको नालबाट होइन । प्रजातान्त्रिक अन्तरिम व्यवस्थापिकामा आफ्नो प्रतिनिधित्व भएको बेलामा माओवादीले हिंसा, धम्की तथा जबरजस्ती चन्दा असुलीजस्ता कार्यहरु अन्ततोगत्वा पूर्ण रुपले बन्द गर्नैपर्दछ । योभन्दा कम नेपाली जनताका लागि मान्य हुनेछैन ।

#########